# आठौं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साल फाल्गुण २७ गते दिउसो ११:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को आठौं गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बिमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १७ | श्री दिनेश पौडेल | सचिव,प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री इसु श्री शर्मा | कम्प्युटर अपरेटर | |
| २ | श्री बिष्णु प्रसाद आचार्य | लेखा अधिकृत | |
| ३ | श्री देवा बुढाथोकी | सहयोगी | |

पाना ।।४।। मध्ये पाना ।१।।

आ.व. २०८२/०८३ को आठौं गाउँकार्यपालिका बैठकका प्रस्तावहरु :

१. कार्यपालिकाको बैठकको समीक्षा सम्वन्धमा।

२. वडा नं ५ को नयाँ सडक निर्माण सम्वन्धमा।

३. LGPAS को सूचक प्रमाणीकरण सम्वन्धमा।

## २०८२ फाल्गुन २७ गते बसेको आ.व. २०८२/०८३ को आठौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्वन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा। | विगतका कार्यपालिकाको वैठकवाट निर्णय भए गरेका निर्णयहरुको कार्यान्वयन र सोको प्रभावको वारेमा समेत समीक्षा गर्नु पर्ने। | चालु आ.व.का कार्यपालिकाको निर्णयहरुको कार्यान्वयनको सम्वन्धमा छलफल गरी समीक्षा गरियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना तथा प्रशासन शाखा |
| २. | वडा नं ५ का सडक निर्माण सम्वन्धमा। | कपुरकोट गाउँपालिकावाट आ व २०८२।०८३ मा स्वीकृत योजनाहरु मध्ये वडा नं ५ मा अन्तर्गतका सडक निर्माण सम्वन्धी योजनाहरु कार्यान्वयनका लागि विशेष व्यवस्था गर्नु पर्ने भएको। | कपुरकोट गाउँपालिकावाट आ व २०८२।०८३ मा स्वीकृत योजनाहरु मध्ये वडा नं ५ मा अन्तर्गतका सडक निर्माण सम्वन्धी योजनाहरुमध्ये यस अघीको कार्यपालिकाको निर्णयानुसार २ वटा सडक ठेक्का वन्दोवस्तीवाट गर्ने र अन्य सडक गाउँपालिकाको व्याकहो लोडरवाट निर्माण गर्ने भन्ने निर्णय भएकोमा गाउँपालिकाको मेशिनले वडा नं ४को समेत सडक निर्माण गर्ने गरी निर्णय भएकोले हाल सम्मको कार्यप्रगति समेतलाई विश्लेषण गर्दा वडा नं ५ का सडक गाउँपालिकाको | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना तथा प्रशासन।पूर्वाधार शाखा |

पाना ।४। मध्ये पाना ।।२।।

९

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मेशिनवाट निर्माण हुन नसकिने देखिएकोले वडा नं ५ अन्तर्गतका वाँकि सडक ठेक्काको दरमा संझौता गरी स्वीकृत ठेकेदारवाट काम गराउने। | | |
| ३. | LGPAS को सूचक प्रमाणिकरण सम्वन्धमा। | स्थानीय तह कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS)सम्वन्धी कार्यविधि २०८२ को अनुसूची १ संग सम्वन्धित केही सूचकहरुको कार्यविधिगत व्यवस्था अनुसार गाउँकार्यपालकावाट प्रमाणित हुन पर्ने देखिएको। | स्थानीय तह-कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS)सम्वन्धी कार्यविधि २०८२ को अनुसूची १ संग सम्वन्धित केही सूचकहरुको कार्यविधिगत व्यवस्था अनुसार गाउँकार्यपालकावाट प्रमाणित गर्नु पर्ने देखिएकोले अनुसूची १ वमोजिम सूचकहरुको आवश्यक वेहोरा खुलाई प्रमाणित गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना तथा प्रशासन शाखा |

पना ॥४॥ मध्ये पाना ॥३॥

(अनुसूची-१)

२०८२ फाल्गुन २७ गते बसेको आ.व. २०८२/०८३ को आठौं गाउँ कार्यपालिका बैठकको निर्णय नं.२ संग सम्वन्धित:

| सि.न. | सूचक नं | सूचक | प्रमाणित गरिएको वेहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | १.५.१.(ख) | आफ्नो क्षेत्राधिकार वाहिर करारोपण नगरेको | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानीय तहको करारोपण गर्ने क्षेत्राधिकार भन्दा वाहिर करारोपण गर्ने गरी नीति निर्माण नगरेको र त्यस्तो कुनै पनि कर असुली नगरेको। | |
| २ | ३.२.१.(ख) | गाउँपालिकामा खाद्य असुरक्षा नरहेको | यस कपुरकोट गाउँपालिकामा हाल सम्म खाद्य संकट र खाद्य असुरक्षा सम्वन्धी कुनै पनि घटना नघटेको र खाद्य सुरक्षाको जोखिम समेत नरहेको खाद्यान्न उत्पादन तथा वितरण प्रणाली लगायतका सूचकवाट देखिएको। | |
| ३ | ५.१.१.(ख) | गाउँपालिकामा जग्गा प्लटिङ्ग वा खण्डिकरण सम्वन्धी संभावना नरहेको। | यस कपुरकोट गाउँपालिकाको भु उपयोग नीति अनुसार जग्गा खण्डिकरण गर्न वन्देज गरिएको र वजारीकरणको प्रभाव समेत नभएको देखिएकोले यस गाउँपालिका अन्तर्गत जग्गा प्लाटिङ वा खण्डिकरण सम्वन्धी संभावना नरहेको वेहोरा प्रमाणित गर्ने। | |
| ४ | ५.१.६. | फोहोरमैला व्यवस्थापनको लागि स्थान तोकिएको निर्णय र मिति | यस कपुरकोट गाउँपालिकामा फोहोर व्यवस्थापनको लागि कपुरकोट गाँउपालिका वडा नं ३ पाखापानी स्थिति खुला क्षेत्रलाई आव २०७५।०७६ मा डम्पिङ साइडको रुपमा निर्धारण भई सोहि स्थानमा हालसम्म फोहोर संकलन गरिएको वेहोरा प्रमाणित गर्ने। | |

पाना ।।४।। मध्ये पाना ।।४।।

Scanned with CamScanner